हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक


# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : ८२ पृष्ठ : ४ | २०७७ असोज १९ गते सोमबार (Monday 5 October 2020) | www.lahanpost.com | मूल्य रु. ५।-

FOLLOW US | facebook: lahanpost | YouTube : lahanpost | twitter : lahanpost | instragram : lahanpost




ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551


## ५ लाख रुपैयाँमा बलात्कार घटाउन मिलाउने पञ्चसहित ९ जना पक्राउ



बलात्कार घटनालाई गाउँमै पञ्चायती गरी ढाकछोप गर्नमा संलग्न पञ्चसहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सिरहा विष्णुपुर गाउँपालिका-१ का २० वर्षीय मुकेश कुमार साहले सोही ठाउँकी १६ वर्षीया एक किशोरीलाई असोज १२ गते साँझ बलात्कार गरेका थिए । मुकेश आफन्त शत्रुघन साहको घरमा बस्दै आएका थिए । बालिका बलात्कार घटना भएपछि त्यसलाई ढाकछोप गरी गाउँघरमै मिलाएर उन्मुक्ति दिन पञ्चायती बस्यो ।

पञ्चायतीले मुकेशका बुबा सिंहेश्वर र आफन्त शत्रुधनसँग ५ लाख रूपैयाँको कपाली तमसुक कागज गराएर मिलापत्र गरायो । ५ लाख रूपैयाँको कपाली तमसुक कागज समेत गराएर तमसुक जगबीर यादवको जिम्मामा लगायो । गाउँमै बलात्कार घटना पञ्चायती भेलाले मिलाएको कुरा प्रहरीमा पुग्यो ।

प्रहरीले तत्काल शनिबार अपराध दबाउन पञ्चका नाममा मतियार बनेका विष्णुपुर गाउँपालिका-१ तमसुक राख्ने ६१ वर्षीय जगबीर यादव, राजकुमार यादव, रामउदगार, रौदी भन्ने श्यामसुन्दर यादवलाई पक्राउ गऱ्यो ।

प्रहरीले पीडितलाई पञ्चायतीमा मिलाउन दबाब दिने पीडक पक्षका ५२ वर्षीय सिंहेश्वर साह, अरबिन्द कुमार, शत्रुघन, राजकुमार साह र बलात्कारमा संलग्न मुख्य अभियुक्त मुकेश

बाँकी ३ पेजमा

## लहान नगरकार्यपालिकाको निर्णय विरुद्ध प्रदर्शन





सामाजिक अभियन्ता महेश चौधरी र नगरपालिकाले बाँडेको राहतसम्बन्धी समाचार सम्प्रेषण गर्ने सञ्चारकर्मी मणिलाल विश्वकर्मालाई कारबाहीस्वरूप मुद्दा लगाउने लहान नगरकार्यपालिकाले गरेको निर्णय सच्याउन माग गर्दै आइतबार प्रदर्शन गरिएको छ ।

बन्दाबन्दीको समयमा सामाजिक अभियन्ता महेश चौधरीले आफू, आफन्त र अन्य साथीभाइको सहयोगमा लहान नगरपालिकाको विभिन्न वडाहरूका विपन्न, दलित तथा अप्ठ्यारोमा परेकाहरू गरी तीन हजार परिवारलाई राहत वितरण गरेका थिए । चौधरीले नगरपालिकासँग स्वीकृति नलिई आफूखुशी राहत वितरण गरेको ठहर गर्दै नगरपालिकाको कार्यपालिकाले गत भदौ ८ गतेको निर्णयबाट चौधरीलाई कारबाहीस्वरूप मुद्दा दायर गर्ने निर्णय गरेको थियो ।

यसैगरी, बन्दाबन्दीको समयमा नगरपालिकाले कुहिएको चामल र आलु बाँडेको विषयमा सञ्चारकर्मी मणिलाल विश्वकर्माले आफूसम्बद्ध नयाँ पत्रिकामा प्रकाशन गरेको समाचारले नगरप्रमुख र लहान नगरपालिकाको बदनाम गरेको ठहर गर्दै सोही मितिको बैठकबाट सञ्चारकर्मी विश्वकर्मामाथि पनि मुद्दा दायर गर्ने बैठकले निर्णय गरेको थियो ।

सामाजिक अभियन्ता चौधरी र सञ्चारकर्मी विश्वकर्मालाई अनावश्यक दुःख

बाँकी ३ पेजमा


ADMISSION OPEN
Nursery To VIII
LOTUS UNIQUE ACADEMY
Lahan-1, Matiyarwa (Siraha)
Contact : 9842840294, 980853045

भौतिक पूर्वाधारले सम्पन्न, शान्त र रमणीय शैक्षिक वातावरणमा शैक्षिक सत्र २०७७/२०७८ को लागि
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
प्रत्येक ट्रेडमा ४० वटा कोटा तथा जुनसुकै Grade को विद्यार्थीहरुले सहभागी हुन पाउने व्यवस्था ।
हाम्रा संकायहरू :-
प्रि : डिप्लोमा इन सिभिल ई. - १८ महिने
प्रि : डिप्लोमा इन इलेक्ट्रिकल ई. - १८ महिने
प्रि : डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स)-१८ महिने
Affiliated to CTEVT
फारम वितरण गर्ने मिति
२०७७ भदौ ३० गते देखी, समय : ७:०० बजे देखी ५:०० बजे सम्म
फारम भर्ने अन्तिम मिति
२०७७ असोज १९ गते सम्म
Online द्वारा फारम भर्ने
प्रवेश परीक्षा र थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला
थप जानकारीको लागि
सम्पर्क स्थान : पञ्चदेवी टेक्निकल ईन्ष्टिच्यूट
लहान, सिरहा (कुशवाहा चौक ल.ल.कु.मा.वि. को पश्चिमपट्टी)
G-mail : rrsyadav143@gmail.com
प्रिन्सिपल
सम्पर्क नम्बर :-
०३३-५६२४६८ मो. ९८४२६५८८२४
९८१६७३७३३१, ९८१६३०१७९४,
९८०७८७६६१५


छिटो भनेकै
WORLDLINK
*Terms and Conditions Apply
SPEEDमा BOOST नगदमा छुट
30 Mbps 25 Mbps Rs. 1,250* PER MONTH
60 Mbps Rs. 2,700 Rs. 2,200* PER MONTH
FREE
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229


फ्रेन्डस मोडल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ - डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर - डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ - डा. विरेन्द्र यादव

# सम्पादकीय

## प्राविधिक शिक्षामा जोड दिऔं

शिक्षा मानिसलाई बाटो देखाउने एउटा मार्ग हो । कुनै विषयमा ज्ञान लिनु वा दिनुलाई पनि शिक्षा भनिन्छ । शिक्षा ग्रहण गर्नको लागि कुनै उमेर, जात, लिङ्ग, धर्म संस्कारले छेक्न सक्दैन । मानिसले कोक्रोदेखि चिहानसम्म शिक्षा हासिल गरिरहेको हुन्छ । पूर्णरुपले कसैले कहिले पनि शिक्षा ग्रहण गरेको हुँदैन । शिक्षाकै कारण नै यो संसार छ । शिक्षा विनाको जीवन पनि एउटा दृष्टिविहीन व्यक्ति जस्तै हो ।

हामीले यो देशमा पुरातनवादी, बुर्जुवा शिक्षाकै कारण पछाडि परिरहेका छौं । आफ्नो व्यवसाय गर्ने र आफ्नै कमाइ गरेर खाने संस्कृतिको विकास नहुनुमा हामीले अहिलेसम्म पाउँदै आएको अनुत्पादक औपचारिक शिक्षा नै हो । हाम्रो अवस्थाको जिम्मेवार अहिलेको शिक्षा हो । प्राविधिक शिक्षा र उत्पादनमुखी शिक्षा नभएकै कारण हाम्रो देश विकासमा पछाडि पनि परेको छ । प्राविधिक ज्ञान भएकाहरू कोही पनि बेरोजगार बन्न पर्दैन । त्यसैले, आजको प्रमुख आवश्यकता भनेको व्यावहारिक, व्यावसायिक र सीपमूलक शिक्षा दिनु नै हो । पछिल्लो समय विद्यार्थी व्यावहारिक तथा व्यावसायिक शिक्षा आर्जन गर्न उत्साहित देखिएका छन् ।

नेपाली युवा जनशक्ति खाडी मुलुकहरूमा तल्लो स्तरको कामका लागि चर्को मूल्य तिरेर न्यून पारिश्रमिकमा श्रम बेच्न बाध्य भएका छन् । यहाँ भने कपडा सिलाउने, कपाल काट्ने र होटल व्यवसाय सञ्चालन गर्नसमेत विदेशीकै वर्चश्व देखिएको छ । हामी आफ्नो काम आफैं गर्न नसकेर परनिर्भर र गरिब हुँदै गइरहेका छौं । पछिल्लो समय प्राविधिक कलेज खुल्ने क्रमसँगै विद्यार्थी तथा अभिभावकको ध्यान प्राविधिक शिक्षातर्फ केन्द्रित हुन थालेको छ । विद्यार्थीका लागि 'आइरन गेट' मानिने एसईई परीक्षा उत्तीर्णसँगै भविष्यमा के गर्ने भन्ने मार्गचित्र तयार गरी व्यावसायिक तथा प्राविधिक शिक्षा आर्जन गर्न सके कोही पनि बेरोजगार बनेर बस्न पर्दैन ।

अहिलेको सन्दर्भमा प्राविधिक शिक्षालाई श्रमसँग गाँसेर हेर्नु अत्यावश्यक भइसकेको छ । जुन विषय अध्ययन गरिन्छ, त्यो सिर्जनात्मक श्रमशक्तिको उत्पादक बन्न सक्नुपर्छ । देश बनाउन युवाहरूको सक्रिय र रचनात्मक भूमिका रहने गर्दछ । तसर्थ, उनीहरूलाई प्राविधिक शिक्षामा दक्ष बनाउन सके परनिर्भरता अन्त्य हुनुका साथै देश विकासको महाअभियान पनि सफल हुनेछ । त्यसैले हाम्रो शिक्षा उत्पादनमुखी बन्नुपर्छ । व्यावहारिक र आत्मनिर्भर उन्मुख जनशक्तिले मात्रै मुलुक रूपान्तरण हुने भएकाले प्राविधिक शिक्षा अति आवश्यक देखिएको छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष | मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ । नयाँ काम सुरू गर्ने समय आएको छ । |
| वृष | आज गरेका काममा ढिलासुस्ती हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । आलस्य उत्पन्न भै दैनिक कार्य ओझेलमा पर्न सक्छ । |
| मिथुन | शुभकार्यको चर्चा चल्नेछ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । रोकिएको धन हात पर्ला । |
| कर्कट | घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । चोटपटकको भयछ सचेत रहनुहोला । मनमा दुविधा उत्पन्न हुनेछ । |
| सिंह | उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । घर,जग्गाको कारोबारमा सफलता मिल्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ । वैदेशिक कार्य अघी बढ्नेछ । |
| कन्या | बाहिरी खानपान तथा मनोरञ्जनमा समयको ख्याल गर्नुपर्नेछ । नजिकको व्यक्तिबाट धोका पाईन सक्छ र मन खिन्न हुने स्थिति आउनसक्छ । |
| तुला | काममा केही प्रतिस्पर्धा र चुनौती सामना गर्नपर्ला । प्रेमप्रसङ्गमा समेत नरमाइलोपन आउनेछ । विपक्षीको छलकपट तथा जालझेलबाट सावधान रहनुपर्नेछ । |
| वृश्चिक | आज व्यापार व्यावसायको कारोबार फस्टाएर जानेछ भने बैदेशिक यात्रा तय गर्न सकिनेछ । आफन्त र साथीभाइबाट सहयोग प्राप्त हुनेछ । |
| धनु | रोकिएका काम पुनः सुरू हुन सक्छन् । आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभब मिल्नेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । |
| मकर | आज विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । रचनात्मक काममा जुट्ने समय छ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । प्रेम सम्बन्ध कसिलो होला । |
| कुम्भ | आज रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । साथीभाइबाट बढी फाइदा लिने समय छ । दान-पुण्यजस्ता कार्यमा सहभागी भइनेछ । |
| मीन | विद्या र बुद्धिको विकास हुनेछ । पार्टी तथा सेमिनारमा सहभागी भईएला । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । प्रयत्न गरे फाइदा लिन सकिनेछ । |

# भूमिमाथि जोत्नेको अधिकार हुनुपर्छ

उपस्थित दाजुभाइ दिदीबहिनीहरू,

अभिवादन ।

भूमि उनिहरूको हुनुपर्छ, जसले त्यससँग जुध्छन्, खेल्छन्



र जोत्छन् । भूमिमाथि सहरमा महल बनाएर मोज गरेर बस्ने मुठ्ठीभर व्यक्तिको हक हुन सक्तैन । जबसम्म भूमिमा जोत्नेहरूको हक कायम हुँदैन, तबसम्म भूमिसम्बन्धी समस्या पनि हल हुँदैन ।

शताब्दीयौँसम्म थिचिएर साँगुरो थलामा कोच्चिएर बसेको मानिसलाई नयाँ बाटोमा हिड्दा अवश्य नै असजिलो अनुभूति हुन्छ । त्यसैले हाम्रो मुलुक नयाँ दिशातर्फ लम्कन लागेकोले यहाँ हलचल हुनु कुनै आश्चर्य एवम् अस्वाभाविक छैन । जनता आज जुर्मुराएर उठेका छन् । इतिहासले कोल्टो फेरेको छ । देश क्रान्तिको क्रममा छ । केवल नाराबाजी लगाउँदैमा वा गडबडी मच्चाउँदैमा क्रान्ति भयो भन्न सकिँदैन । हामी क्रान्तिको दौडमा हिँडिरहेका छौँ । घोषणा-पत्र, विधेयक, नाचगान, रगत र आगो मात्र क्रान्ति होइन । हाम्रो जीवनमा क्रान्ति अनन्त छ, सधैं भइरहन्छ । सामन्ती व्यवस्थालाई खतम गरेर औद्योगिक समाजको निर्माण गर्ने प्रयास पनि अवश्य नै एउटा क्रान्ति हो । साँच्चै भन्ने हो भने सामन्ती व्यवस्थालाई खतम गर्न हाम्रो संसद्बाट पारित भएका विधेयकहरू पनि क्रान्तिकै लक्षण हुन् । यस्तो नयाँपनमा जानका लागि देशमा जागृतिको लहर उठेको छ । म भर्खरै पश्चिम १ र २ नम्बरको जिल्ला भ्रमण गरेर फर्किएको छु । त्यहाँ जाँदा मैले देशमा जागृतिको लहर आएको प्रस्ट देखेको छु । तसर्थ आफ्ना देशवासीहरू जागृत भएर हिँड्न लागेको देख्दा मलाई ज्यादै हर्ष लागेको छ ।

शोषित-दलित जनताले चारैतिरबाट नयाँयुगको उपलब्धि हासिल गर्नका लागि बाटो, कुलो, विद्यालय, अस्पताल, पुल, उद्योगधन्दाको माग गरिरहेका छन् । पुरानो परिपाटि समाप्त भएर नयाँ परिवेश र व्यवस्थाको जग बस्दै छ । परिवर्तनको यस्तो निर्णायक बेलामा उत्पन्न भएका हलचल र उथलपुथल त ऐतिहासिक क्रान्तिमा स्वाभाविक रूपमा प्रकट भएका लक्षणहरू हुन् । यसबेला हामी सबैजना क्रान्ति गरिरहेका छौँ । हामीहरू देशमा नयाँ परिवर्तन ल्याउन चाहन्छौँ । आज पनि केही प्रतिक्रियावादी तत्त्वहरूले नयाँ परिवर्तनको भुइँचालोलाई वशमा राख्न खोज्ने मूर्खता गरिरहेका छन् । जुनसुकै

## बिपी कोइराला राजनीतिक अभिलेख

काम गर्दा पनि पुँजीको आवश्यकता पर्दछ । अहिलेसम्म राष्ट्रको सारा आर्थिक आधार भूमिमा मात्र निर्भर छ । तसर्थ, नयाँ औद्योगिक समाजवादी व्यवस्थाको स्थापना गर्नका लागि हामीले अर्को आर्थिक स्रोतको व्यवस्था गर्नुपर्छ । देशको विकासका लागि केवल विभिन्न देशको सहायतामा मात्र निर्भर रहनु ठीक हुँदैन । कलकारखाना आदि सम्पत्तिका स्रोत हुन् । यसको विकास नगरी औद्योगिक समाज निर्माण हुन सक्तैन । तर यसको लागि पनि पुँजीको आवश्यकता पर्दछ । तसर्थ देशका पुँजीपतिद्वारा नभ्याउने किसिमको कलकारखानाको निमित्त मात्र विदेशी पुँजीपतिहरूलाई दस वर्षसम्म मुनाफाको सान्त्वना दिएर आह्वान गर्नुपरेको हो । नेपालको व्यापार पनि विदेशी पुँजीपतिको हात पर्नेछैन ।

कर तिर्ने चलन नेपालीका निमित्त नयाँ भएकोले यसबारे मुट्ठीभर व्यक्तिहरूले भ्रमात्मक प्रचार गरिरहेका छन् । नयाँ बाटोमा हिड्ने बेलामा यस्तो भ्रमात्मक प्रचार गर्न सजिलो हुन्छ । तर सबैले होहल्लामा नलागी राम्रोसँग विचार गर्नुपर्दछ । अरू देशको विकासलाई दृष्टिगत गर्ने हो भने सरकारले अहिले लगाएको कर अपर्याप्त छ । तसर्थ कर तिर्दिन भन्नु उन्नतिको बाटोमा हिँड्दिन भन्नु हो । म प्रजातन्त्र मान्ने तत्त्वहरूलाई सम्झाउन चाहन्छु, सुकिलो सेतो लुगा लगाएर ठूलाठूला दरबारमा बस्ने र अर्काको परिश्रममा मोज गर्नेहरू यसबेला उनीहरूको बिर्तामा 'कर' लाग्यो, घरमा 'कर' लाग्यो भनेर विरोध गर्दैछन्, किनभने अब उनीहरूको त्यसरी मोजसँग बस्न पाउने अवस्था समाप्त भइरहेको छ । हावा, पानी, घाम र भूमि जस्ता चारवटा प्राकृतिक स्रोतमाथि भोगचलन गर्नेको मात्र अधिकार हुन्छ । भूमिमा जोत्ने किसानको हक हुनुपर्छ ।

आफ्नो घोषणा-पत्रमा भनेका सबै विशेष कामहरू हामीले गर्न सकेका छैनौं । हामीले अझै धेरै काम गर्न बाँकी छ । मध्यम वर्गलाई ध्यानमा राखेर सरकारले बिर्तालाई 'क' र 'ख' श्रेणीमा वर्गीकरण गरेको हो । 'क' श्रेणीको बिर्ता उन्मूलन गर्दा जमिनदारलाई कुनै नोक्सानी हुँदैन । 'ख' श्रेणीको बिर्तामा त सरकारले केवल रैकर जमिन सरहको मालपोत मात्र लगाएको छ । नेपाल जनहित संघको प्रतिनिधिले मलाई केही दिनअघि भेटेर 'ख' श्रेणीको बिर्ता रैकर हुन लाग्यो भन्ने गुनासो गरेका थिए । मैले उनलाई जवाफ दिँदै भनेको थिएँ, मेरो कारणले बिर्ताको खारेजी र कर लागेको होइन, यो त प्रगतिको लक्षण र इतिहासको स्रोत हो । यसलाई कसैले पनि रोक्न सक्तैन र यसलाई रोक्ने प्रयास भुइँचालोलाई रोक्ने प्रयास जस्तै हो । बरु तपाईंहरू हामीमाथि सरकारले किसानको भलाइमा बढी ध्यान दिन सकेको छैन भन्ने दोष लगाउन सक्नुहुन्छ ।

बिर्ताको खारेजी र 'ख' वर्गका बिर्तामाथि थोरै कर लगाउनु मात्र ठूलो उपलब्धि होइन । कर नै नतिरी अर्काले कमाएको जग्गाको मालिक भएर बस्न पाउनु ठूलो अन्याय हो । सरकारले प्रजातान्त्रिक तरिकाले बिस्तारै-बिस्तारै सुधार गर्दै लाने नीति लिएको हुँदा 'ख' वर्गका बिर्ताहरू अहिलेसम्म कायम छन् । अन्यथा, त्यो पनि खारेज भइसक्थ्यो । जमिनमा जोत्नेहरूको हक कायम नभएसम्म मलाई सन्तोष लाग्ने छैन ।

जनताको अहित गर्न स्थापना भएको एउटा सामन्ती षड्यन्त्रको टट्टु संघले अस्ति 'क' श्रेणीको बिर्ता उन्मूलन आदिको विरोधमा काठमाडौंमा हड्ताल गरेको थियो । यसबाट जे-गर्दा पनि हडताल गर्नुपर्छ भन्ने धारणा काठमाडौंमा रहेको प्रस्ट हुन्छ । तर त्यसको कुनै अर्थ छैन । यस किसिमको परिपाटिले सरकारलाई केही पनि गर्न सक्तैन । किनभने हडताल सिद्धान्तमा हुनुपर्दछ । इतिहासले हामीलाई कतापट्टि लैजाँदै छ, त्यो बुझ्नुपर्छ । सय वा दुईसय परिवारको निम्ति देशका समस्त जनताको हितलाई पन्छाउन सकिँदैन । इतिहासको विरोधमा उठेकाहरू खतम भएर जानेछन् । पुरानो विचार राखेर नयाँ काम हुन सक्तैन ।

म जनतासँग सहयोग दिनका लागि अपिल गरिरहेको छु । म जनतासँग त्यागका साथ मेहनत गर्न आह्वान गर्दछु । आज देश पहिलेको अवस्थामा छैन । देशमा नयाँ व्यवस्था आएको छ । तपाईंहरूले चुनेर यो सरकार बनाउनुभएको छ । सरकारको कुनै बेग्लै अस्तित्व छैन, सरकार भनेको दुनियाँ हो र यसको तमाम दायित्व जनतामा छ । अब, सरकारका सामु आएको नयाँ दायित्व पनि तपाईंहरूले नै बोक्नुपर्छ । हामीले सरकारको क्षमता र जनताको सहयोग एवम् मेहनतबाट देशलाई विकासको बाटोमा लैजानुपर्दछ । हाम्रो मेहनतको फल हामीले भोग्न नपाए पनि अर्को पुस्ताले यसको उपभोग गर्न पाउनेछ । परिवर्तनको समयमा अलिकति दुःख भोग्नैपर्छ । त्याग नगरी माटो मात्रले देश बन्दैन । अरू मुलुकले हामीलाई आफ्नो जनताबाट उठाएको करको रकमबाट सहायता दिँदैछन् । तसर्थ, हामीले आफैँ केही नगर्दा मुलुक अगाडि बढ्न सक्तैन ।

यहाँ करबारे झूठो प्रचार भइरहेको छ । प्रतिगामीहरूले भनेका छन्, 'आइमाइको चुल्ठो, स्वास्नी र भैंसीको पुच्छरमा पनि कर लाग्छ', तर यो निरर्थक प्रचार मात्र हो । यो, उनीहरूको हल्लामा लाग्ने बेला होइन । यसबेला हामीले जनताबीच कर तिर्ने बानी बसाल्न नाम मात्रको कर लगाएका छौँ । कस्तो कस्तो विषयमा कति कर लागेको छ, त्यो पनि बुझ्नुपर्छ । केही धनीबाहेक अरू जनतालाई सरकारले कर लगाएकै छैन । हामीले राष्ट्र बनाउनु छ, त्यसका लागि पनि अरबौं रूपैयाँ चाहिन्छ । करबाट त मुस्किलले ६०-७० लाख मात्र उठ्छ । रूसका जनताले ४३ वर्षसम्म हाड घोटेर काम गरेपछि आज बल्ल प्रगति देखे । तसर्थ, हामीले १-२ वर्ष होइन, २० वर्षदेखि ३० वर्षसम्म परिश्रम र त्याग गर्नुपर्छ ।

मोहनशमशेरको शासन समाप्त हुनुभन्दा १ वर्ष ३ महिना अगाडि म थुनिएको बेला यही सिंहदरबारमा मोहनशमशेरले भनेका थिए, 'तिमीले प्रधानमन्त्रीको गद्दी ताक्या छौ, हेर, यो त पुर्पुरोमा लेखेको हुनुपर्छ ।' आज, म ती सामन्ती तत्त्वहरूलाई पनि उनीहरूले भूस्वामित्व पनि आफ्नो पुर्पुरोमा लेखेका भ्रम नराखून् भन्ने स्मरण गराउन चाहन्छु । जय नेपाल ।

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# प्रदेश २ मा थपिए ३२ कोरोना संक्रमित

सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय, प्रदेश नं. २

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, जनकपुर, नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगंज र गजेन्द्र ना.सिंह सगरमाथा अस्पताल, राजविराजबाट आज मिति २०७७/०६/१८ गते प्राप्त कोरोना संक्रमित पुष्टि भएकाहरुको विवरण:

| जिल्ला | स्थान | वार्ड नं. | महिला | उमेर | पुरुष | उमेर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| धनुषा | जनकपुरधाम | ८, ९ | ० | | २ | २० र ३० वर्ष | २ |
| | भगवतीपुर | | १ | ५१ वर्ष | ० | | १ |
| | फुलगामा | ४ | ० | | १ | २० वर्ष | १ |
| | लक्कड | ३ | ० | | १ | २२ वर्ष | १ |
| | सबैला न.पा. | | ० | | १ | ६० वर्ष | १ |
| | ठाँउ नखुलेको | | ० | | १ | २१ वर्ष | १ |
| | धनुषाको जम्मा: | | १ | | ६ | | ७ |
| महोत्तरी | बदिया बनचौरी | २ | ० | | १ | २२ वर्ष | १ |
| | महोत्तरीको जम्मा: | | ० | | १ | | १ |
| सिरहा | धनगढीमाई न.पा. | ८ | ० | | १ | १९ वर्ष | १ |
| | जिल्ला प्रहरी कार्यालय, सिरहा | | १ | २० वर्ष | ३ | २५, २६, २९ वर्ष | ४ |
| | कल्याणपुर न.पा. | १२ | ० | | १ | १९ वर्ष | १ |
| | सिरहाको जम्मा: | | १ | | ५ | | ६ |

**लहान ।** प्रदेश २ मा आइतबार ३२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । सामाजिक विकास मन्त्रालयका अनुसार सिरहामा ६ जना, सप्तरीमा १० जना, धनुषामा ७ जना, बारामा ४ जना, रौतहट र पर्सामा २/२ जना र महोत्तरीमा १ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । मन्त्रालयका अनुसार संक्रमित एकजनाको पहिचान खुल्न सकेका छैन । यस्तै पछिल्लो २४ घण्टामा ६८ जना कोरोनामुक्त भएका छन् । जसमध्ये ५ जना महिला छन् । हालसम्म ११ हजार ९२ जना कोरोनामुक्त भएको मन्त्रालयले जनाएको छ । यस प्रदेशमा पछिल्लो २४ घण्टामा कोरोनाले कसैको मृत्यु नभएको मन्त्रालयका वरिष्ट चिकित्सक डा. कमलेश प्रसाद यादवले जानकारी दिए । उनका अनुसार हालसम्म यस प्रदेशमा १३८ जनाको ज्यान गइसकेको छ ।

# सुखिपुरमा प्रथम नगरस्तरीय दौड प्रतियोगिता हुने




**लहान ।** विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा सिरहाको सुखिपुर नगरपालिकामा प्रथम नगरस्तरीय दौड प्रतियोगिता आयोजना गरिने भएको छ ।

नगर सुधार समिति सुखिपुरको आयोजनामा विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा असोज २४ गते प्रथम नगरस्तरीय दौड प्रतियोगिता आयोजना गरिएको हो । नगर सुधार समितिका संयोजक बिपी भुवन यादवका अनुसार 'रोग प्रतिरोधात्मक क्षमता बढाऔं, कोरोना भगाऔं' भन्ने मूल नाराका साथ आयोजना गरिएको प्रथम नगरस्तरीय दौड प्रतियोगिताका विजयी प्रथमलाई १० हजार रूपैयाँ नगद राशिसहित मेडलको व्यवस्था गरिएको छ । त्यसैगरी द्वितीयलाई ५ हजार नगद, तृतीयलाई ३ हजार, चौथो र पाँचौलाई २/२ हजार नगद र मेडल पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

## सामाजिक सञ्जालबाट

**सुखिपुर नगरपालिका**
1m ·

नगर सुधार समितिका संयोजक वि पि भुवन यादव आज असोज १८ गते आइतबारका दिन सुखिपुर नगर सुधार युवा संजाल ७१ सदस्य समितिको गठन गरियो र साथै प्रत्येक वार्डका वार्ड समिति चयन भयो प्रत्येक वार्डमा गएर वार्ड समितिको बिस्तार गर्ने निर्णय समेत पारित भई **सुखिपुर नगरपालिका** लाई भ्रष्टाचार मुक्त बनाउने संकलप समेत लिनु भो ।










## ५ लाख ...

कुमार साहलाई पक्राउ गरेको छ । प्रहरीका अनुसार बलात्कृत बालिकाका भाइले परिवारको इज्जत गएको भन्दै रिसाएर आँ नै बहिनीलाई कुटपिट गरेका थिए ।

कुटपिट गरी घाइते भएकी बालिकाको आफन्तहरूले पीडितलाई स्थानीय क्लिनिकमा प्राथमिक उपचारपछि थप उपचारका लागि बिराटनगर स्थित बिराट नर्सिङ होममा भर्ना गरेका थिए । बालिका निको भएर असोज १६ गते घर फर्किएकी थिइन् । घरमा आएपछि पीडक पक्षले बलात्कार घटना ढाँकछोप गर्न गाउँलेलाई भेला गराएर पञ्चायत गराएका थिए । जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डिएसपी शालिग्राम पौडेलले बलात्कार घटना गाउँमै ढाकछोप गरी ५ लाख रूपैयाँमा मिलापत्र गराउन संलग्न, पञ्च र मतियारलाई पक्राउ गरिएको जानकारी दिए ।

उनका अनुसार प्रहरीले घटना मिलाउन संलग्न जगवीरको घरमा खानतलासी गर्दा उक्त घटना गाउँमै मिलाउन भनी गरेको काजग फेला परेको छ । कागजमा धनी रामगुलाम यादव, लक्ष्मण यादव उल्लेख गरिएको छ भने सिंहेश्वर साह र शत्रुधन साहलाई ऋणीको रूपमा उभ्याएर ५-५ लाखको तमसुक बनाइएको छ ।

## लहान ...

दिने नियतले मुद्दा दायर गर्ने प्रयास गरेकोले उक्त निर्णय फिर्ता गर्नुपर्ने माग गर्दैसामाजिक अभियन्ता महेश चौधरी पक्षधर नगर क्षेत्रका मजदुर वर्गले नगर प्रमुख मुनि साहको विरूद्धमा नाराबाजी गर्दै प्रदर्शन गरेका थिए ।

लहानको पुर्व पश्चिम राजमार्गको मुख्य चोकबाट सुरू भई नगर परिक्रमा गर्दै उक्त प्रदर्शन नगरपालिकाको परिसरमा कोणसभा गर्दै समापन भएको थियो ।

कोणसभामा बोल्ने मजदुरहरूले बन्दाबन्दीको समयमा आफूहरूलाई नगरपालिकाले राहत उपलब्ध नगराउँदा सामाजिक अभियन्ता चौधरीले घरमै आएर राहत वितरण गरेकोले त्यस्तो व्यक्तित्वलाई सम्मान गर्नुपर्नेमा कारबाहीको भागिदार बनाएकोले आफूहरू सडकमा उत्रन बाध्य भएको रोष व्यक्त गरेका थिए ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
-: जनहितका लागि :-
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

# पालिकामा प्रशंसनीय खोज पद्दतीको प्रयोग

## पालिका बहस

डा. विजयप्रसाद मिश्र



लगातार पालिकाले आफ्नो विकासको क्रियाकलापमा कसरी प्रशंसनीय खोज विधिको अनुशरण गर्न सक्दछ भन्ने विषयमा दुई पटक यसै स्तम्भमा लेखि सकिएको छ । पछिल्लो लेखमा प्रशंसनीय खोजको खोजतलास र सपनाको बारेमा उल्लेख गरिसकिएको छ । यो पटक यसका सैद्धान्तिक आधार र मूल्य मान्यताका बारेमा केही कुरा उल्लेख गर्नु पर्ने भएको छ ।

खासमा प्रशंसनीय खोजका तीनवटा आधारभूत जगहरु छन् । ती जगहरू भनेको प्रशंसा, खोज र समग्रता हो । मानवमा भएको उच्चतम गुण र सम्भावनाको सम्मान गर्दै त्यसको प्रशंसा गर्नु यस सिद्धान्तको पहिलो मान्यता हो । यस सिद्धान्तले व्यक्ति र संस्थाको सबल पक्षहरू खोजी गरी तिनै सबल पक्षको आधारमा भविष्य निर्माण तर्फ अग्रसर गराउने काम गर्दछ । तर, खोजका लागि प्रश्न सोध्नुपर्ने हुन्छ । प्रश्न सोध्ने क्रममा सिकाइ आदान प्रदान हुन्छ र भविष्यको लागि साझा दूरदृष्टि तय गर्न सहज हुन्छ । अर्थात भनौ यो सिद्धान्तको सुरुवात नै प्रश्नबाट हुन्छ ।

प्रशंसनीय खोजले कुनै एक पक्षको मात्र कुरा नगरी समग्र पक्षको खोजबिन गर्ने भएकोले यसले समग्रतालाई हेर्दछ भनिएको हो । यसले सबै तह र पक्षको भूमिकाको सुक्ष्म खोजबिन गर्दछ । उत्तम विचार र सबल पक्षको उजागर गर्दछ । यसले आन्तरिक तथा बाह्य सहभागितामूलक र प्रशंसायुक्त ढंगले विश्लेषण गरी निष्कर्षमा पुग्न निर्देश गर्दछ ।

प्रशंसनीय खोज पद्दतीका मूल्य मान्यताहरू मध्ये मुख्य रूपमा कुनै पनि समाज, संस्थामा केही न केही सकारात्मक पक्ष र राम्रो काम भएको हुन्छ भन्ने विश्वास यसले गर्दछ । अर्को हामी जेमा केन्द्रित गर्दछौ त्यो नै वास्तविकतामा परिवर्तन हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्दछ । त्यसैले यो व्यवहारिक ज्ञानमा आधारित छ समेत भनिन्छ । हामीले प्रयोग गर्ने भाषाले हाम्रो वास्तविकता सृजना गर्ने कुरालाई यो सिद्धान्तले विश्वास गर्दछ ।

प्रशंसनीय खोज विधिका पाँच सिद्धान्तहरू छन् । पहिलो जागरूकताको सिद्धान्त हो । तपाईको वरिपरि भइरहेको गतिविधिहरूबाट तपाईमा सचेतता बढने र त्यसमा चाँसो बढाई आफूले पहिले गर्ने बानी व्यहोराबाट के कस्ता राम्रा कामहरू भएका थिए भन्ने सोच्ने बानीको विकास हुन्छ भन्ने यो सिद्धान्तले बताउँछ । वास्तविकतामा हामीले हाम्रो समुदायमा जस्तो परिस्थिति पाउँछौ त्यसबाट नै हामी प्रभावित भइरहेका हुन्छौ । हाम्रो समुदायमा हामीले प्रयोग गर्ने शब्दहरू, शरीर, भावना, प्रवृत्ति, धारणा बनाउने प्रक्रियाका बारेमा आफै विश्लेषण गर्न थाल्नु हुन्छ र आफ्ना सफलताहरूको बारेमा आफै सचेततापूर्वक जानकारीहरु ग्रहण गरी सकारात्मक उर्जा प्राप्त हुन थाल्छ भन्ने गरिन्छ । अर्को कथनको सिद्धान्त छ । गाउँघरमा धेरै कथाहरू सुनाइने गरिन्छ र त्यही कथा भित्र नयाँ नयाँ सकारात्मक कुराहरू लुकिरहेका हुन्छन् । त्यसले मानिसलाई सकारात्मक सोच तर्फ अघि बढाउँछ भन्ने गरिन्छ । अर्को हो समग्रताको सिद्धान्त । यसले सबै पक्षलाई समेटेको हुन्छ भन्ने मान्यताबाट प्रभावित छ । छनौटको सिद्धान्त सिद्धान्तले मानिसलाई जीवनका लागि छनौटका विकल्पहरू दिएर जिम्मेवार बनाउन पूर्ण शक्ति प्रदान गर्दछ भन्ने गर्दछ भने कार्यसम्पादनको सिद्धान्तले साना साना परिवर्तनलाई आत्मसाथ गरी आफूलाई थप उर्जावान बनाउनु छ भन्ने मान्यता राख्दछ । सिद्धान्तको कुरा त छदै छ तर व्यवहारमा यसलाई पालिकाहरूले प्रयोगमा ल्यायो भने यसले सबैलाई परिवर्तन गरिदिन्छ । विकासमा सकारात्मक सोचका आधारमा अघि बढ्न मद्दत गर्दछ ।

सकारात्मक खोजका लागि सकारात्मक पक्षमा केन्द्रित हुने र साझा भविष्यको लागि पालिका परिवारले सकारात्मक छवि निर्माण गर्ने काम गर्नु पर्दछ । यस सिद्धान्तका आधारमा विकासको काममा अग्रसर हुँदा प्रशंसनीय खोजले के भन्छ भने यदि तपाई समस्या खोज्नतिर लाग्नु भयो भने सधैंभरी समस्यामा परिरहनु हुन्छ । सम्भावनाहरू खोज्नु भयो भने त्यही सम्भावनामा टेकेर अघि बढ्नु हुन्छ । हाम्रो आदत छ समस्या खोज्ने यसले झन कमजोर र थप असाहाय बनाइ दिन्छ । समस्या समाधान विधिले पहिले समस्याहरू के के हुन ? त्यसका कारणहरू के के हुन ? मुख्य समाधानको उपाय के हो भन्ने खोजेर योजना बनाउँछ र कार्यान्वयन गर्दछ ।

तर प्रशंसनीय खोजले सबल पक्षको खोजी गर्दै स्रोतहरूको उपलब्धताका आधारमा सपना तयार गर्ने र सपना पूरा गर्न योजना निर्माण र कार्यान्वयन गर्ने काम गर्दछ । समग्रमा भन्दा समस्या तर्फमात्र ध्यान दिइरहँदा सधैं जताततै समस्यै समस्या देखिने भएकोले मन मस्तिष्कले असफलता कै कुरा सोचि राखेर त्यसबाट मुक्ति पाउन सकिदैन ।

त्यसैले विकास चाहिन्छ भने विकासका कारणहरूको खोजी गर्नुहोस । समस्याको कारणहरू तर्फ नअल्मिलिनु होस । यदि तपाईले समृद्धि खोज्दै हिड्नु हुन्छ भने समृद्धि पाउनु हुन्छ । गरिबी खोज्दै हिड्नु भएमा गरिबी पाउनु हुन्छ । तपाई जे कुरामा बढी ध्यान दिनु हुन्छ त्यही कुरा सामाजिक रूपमा स्थापित हुन्छ । कुन दिमाग अनुसार काम गर्दछौं त्यस्तै परिणाम तयार हुन्छ । समस्या समाधानका लागि होइन अवसर सृजनाका लागि काम गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । सन्तुष्टि जेमा हुन्छ त्यसमा सन्तुष्टिका आधारहरू खोज्नुहोस । पालिकाले कानुन मेरो हातमा छ भनेर एक्लो निर्णय लाद्नु भन्दा सबैको सहमति, सरोकारवालाहरूको चाहना अनुसारको काममा अग्रसरता देखाएर सबैका लागि सकारात्मक रूपमा सोचिदिने हो भने नागरिकहरू पनि उत्साहित भएर होस्टेमा हैसे गर्ने छन् ।

प्रशंसनीय खोज पद्दतीको चार तहमध्ये दुई तहको यस अघिकै लेखमा व्याख्या गरिसकिएको छ । बाँकी रहेको कार्ययोजना निर्माण र यसको कार्यान्वयको पाटोमा थप व्याख्या गर्न बाँकी छ । पालिका क्षेत्रका कुनै पनि विकासका काम गर्नका लागि त्यहाँका समस्या खोजी हिड्नु भन्दा सम्भाव्यताको खोजी गर्दै, सबल पक्षहरू हेर्ने र त्यसको कारण पत्ता लगाएर थप उन्नती प्रगतीका लागि सपना तयार गरिसकेपछि ती सपनाहरू पूरा गर्न आवश्यक कार्ययोजना बनाउनु पर्ने हुन्छ । कार्य योजनामा के उद्देश्य, के क्रियाकलाप, कसले गर्ने, कहिले गर्ने, कसरी गर्ने, जिम्मेवारी कस्तो, दीगोपनाको लागि के गर्ने, जिम्मेवारी, पारदर्शिताका लागि के के गर्ने, कति समयमा गरिसक्ने जस्ता विषयहरूको बारेमा जानकारी गराएर कार्यक्रमहरूको एउटा टेबल बनाएर अघि बढ्नु पर्दछ । परम्परागत प्रणालीलाई चुनौती दिने यो नयाँ प्रणाली भएकोले यसलाई रणनीतिक रूपमा सफल बनाउनका लागि यसको कार्यान्वयनको पक्षमा विशेष ध्यान दिनु पर्दछ । कार्यान्वय गर्दा प्रबृत्ति, व्यवहार, कार्य र निर्णय प्रक्रियामा विशेष ध्यान दिने, कानुन, नीतिसंग मेल खानेगरी पालिकाले काममा अग्रसरता लिने र आइपर्ने समस्या समाधानका लागि अघिदेखि होसियारी अपनाउने प्रणाली तय गर्ने हो भने धेरै छिटो प्रभावकारी विकासको कामहरू शुरु हुन सक्छन् । अनुगमन, मूल्यांकन, दीगोपना, हस्तान्तरण, सहकार्यजस्ता काममा पनि विशेष चाँसो लिएर अघि बढेमा पालिकाले गर्ने विकासमा जनसहभागिता र ममता बढ्ने र विकासका कामलाई नागरिकले अपनत्व लिने गर्दछन् । नागरिकलाई अपनत्व लिन बाध्य बनाउनका लागि उनीहरूकै चाहना अनुसारको कामलाई पालिकाले ग्राह्यता दिनु पर्दछ । त्यसले समग्र काममा नागरिकहरू सक्रिय हुन्छन् । आफ्नो काम भनेर अपनत्व देखाउँछन् । यो सबै सकारात्मक सोचका कारणले सम्भव छ । अझ प्रशंसनीय खोज विधिलाई उपयोग गर्ने हो भने विकास प्रति नयाँ ढंगले सिंगो समुदायको रुपान्तरण गर्ने गरी अघि बढ्न सकिन्छ । पालिकाहरूको लागि विकासको यो प्रक्रिया साच्चिकै बरदान सावित हुनेछ ।

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना
कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्युँ गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)